आज मिति २०८३ साल बैशाख ३० गते बुधबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ६० (साट्ठीऔं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. शिक्षक दरबन्दी सम्बन्धमा।
३. अध्ययन समिति गठन सम्बन्धमा।
४. नगरपालिका भित्रका नकारात्मक सूचीका जग्गाको विवरण सम्बन्धमा।
५. अन्तरपालिकाका लाभग्राही सम्बन्धमा।
६. नगरपालिकाको केन्द्र तोक्ने सम्बन्धमा।
७. नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धमा।
८. गुनासो सुनुवाई समिति तथा सेवाग्राही सहजीकरण कक्ष संचालन सम्बन्धमा।
९. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१०. भू-प्रशासन सेवा संचालन गर्ने सम्बन्धमा।
११. सहकारीको कार्य क्षेत्र विस्तार सम्बन्धमा।
१२. लाभग्राहीको विस्तृत क्षति आँकलन गर्दा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा।
१३. म्याद थप गर्ने सम्बन्धमा।
१४. पुरस्कार रकम सम्बन्धमा।
१५. वडा नम्बर ०८ अन्तर्गत निम्तो सामुदायिक भवन निर्माण योजना कार्यान्वयनको लागि जग्गा उपयोग सम्बन्धमा।
१६. विविध

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक प्राथमिक(१-५) आधारभूत (१-८) तथा माध्यमिक विद्यालयहरुमा गत शैक्षिक सत्र २०८२ को एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)मा प्रविष्टी तथा शिक्षा शाखाले गरेको स्थलगत अनुगमन र विद्यालयहरुबाट प्राप्त अन्तिम परीक्षामा सहभागी विद्यार्थी विवरण समेतका आधारमा विद्यालयहरुमा मौजुदा रहेका शिक्षक दरबन्दीलाई प्राथमिक तहको प्रतिकक्षा १० जना विद्यार्थी बराबर एक शिक्षक वा प्रति एककक्षा बराबर १ जना शिक्षक कायम गरी विद्यार्थी संख्या शून्य भएका तथा विद्यार्थी संख्या न्यून भइ (प्रति शिक्षक विद्यार्थी अनुपात १० भन्दा कम)

फाजिलमा परेका वा सरुवा वा अनिवार्य अवकाश वा अन्य कारणले रिक्त हुन आएका वा आर्थिक वर्ष २०८२/०८३ साल असार मसान्तसम्म रिक्त हुने र २०८३ साल श्रावण १ गते पश्चात रिक्त हुन आउने प्राथमिक तहका दरबन्दी वा राहत अनुदान कोटा, बालविकास कोटा र विद्यालय कर्मचारीलाई नगरपालिकाको स्वामित्वमा रहने गरी पुल दरबन्दी कायम गर्ने र नगरपालिकाले शिक्षक विद्यार्थी अनुपात बढी भएका, न्यूनतम विद्यार्थी संख्या भएका प्रस्तावित आधारभूत वा अन्य आधारभूत विद्यालय(कक्षा ६-८)मा अन्य सबै प्रकारको अनुदान (दरबन्दी/राहत/संघीय शिक्षण अनुदान/नगर अनुदान) सहित न्यूनत्तम ४ हुने गरी कायम गर्ने र न्यूनत्तम विद्यार्थी संख्या भएका प्रस्तावित मावि वा अन्य मा.वि (९-१०/९-१२) को हकमा अन्य सबै प्रकारको अनुदान (दरबन्दी/राहत/संघीय शिक्षण अनुदान/नगर अनुदान) सहित न्यूनत्तम ४ र अधिकत्तम ६ जना कायम हुने गरी नगरपालिकाको पुलमा रहेका शिक्षक दरबन्दी तथा अनुदान कोटालाई शिक्षक विद्यार्थी अनुपात बढी भएका र विद्यार्थी विवरण सत्यापन पश्चात औचित्यता र आवश्यकताका आधारमा नगरपालिकाले वितरण तथा पुनर्वितरण गर्ने, बालविकास कोटालाई कम्तीमा एक विद्यालय एक बालविकास कोटा हुने गरी कायम गर्ने र बढी भएका बालविकास कोटालाई विद्यार्थी अनुपात (१ बालविकास बराबर १० जना) बढी भएका विद्यालयहरुमा खटाउने र विद्यार्थी शुन्य भइ फाजिलमा परेका विद्यालय कर्मचारीलाई विद्यार्थी अनुपात उच्च भएका माध्यमिक विद्यालयमा नगरपालिकाले व्यवस्थापन र कामकाजमा खटाउने।

**निर्णय नम्बर ३:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ को उपदफा (३) बमोजिम नगरपालिकाको पूर्व स्वीकृत नलिई विभिन्न प्रयोजनका लागि जग्गा खण्डीकरण वा प्लटिङ गरे नगरेको अनुगमन गर्न, सो सम्बन्धमा स्पष्ट नीति तथा मापदण्ड तर्जुमा गर्न साथै नगरपालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गा, गौचन, वन क्षेत्रको जग्गाको विवरण संकलन र सोको अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरुको व्यवस्थापन गर्नका अध्ययन प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको नगरस्तरीय अध्ययन समिति गठन गर्ने। साथै समितिले आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

**अध्ययन समिति**

| | |
|---|---|
| १. नगर उपप्रमुख | : संयोजक |
| २. संयोजकले तोकेको २ जना वडा अध्यक्ष | : सदस्य |
| ३. प्राविधिक शाखामा कार्यरत ईन्जिनियर श्री उज्ज्वल अर्याल | : सदस्य |
| ४. सर्वेक्षक श्री दुर्गा प्रसाद अधिकारी | :सदस्य सचिव |

निर्णय प्रमाणित

**निर्णय नम्बर ४:**

नमोबुद्ध नगरपालिका भित्र रहेका तपसिल बमोजिमका जग्गाहरुको विवरण सम्बन्धित वडा कार्यालयबाट पहिचान गरी पठाउने।

तपसिलः

क. धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा,

ख. प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा,

ग. सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको वनको जग्गा र सडक सीमाभित्रका जग्गा,

घ. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको प्रयोगका लागि आवश्यक रहेको जग्गा,

ङ. कसैको नीजि घरजग्गामा भाडा तिरी वा नतिरी आवाद कमोद गरेको जग्गा,

च. भू उपयोगसम्बन्धी प्रचलित कानुन बमोजिम भूउपयोग क्षेत्र वर्गीकरण विपरित भई आवास वा कृषि प्रयोजनका लागि उपलब्ध नसिकने भएको जग्गा।

**निर्णय नम्बर ५:**

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१२ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपबाट प्रभावित घरपरिवारले स्थायी आवास निर्माणका लागि विपद् प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम नमोबुद्ध नगरपालिका भन्दा बाहेकका अन्य पालिकाबाट लाभग्राही स्थानान्तरण भई आएमा स्थायी बसाईसराईका आधारमा मात्र यस नगरपालिकामा लाभग्राही कायम गर्न सहमति दिने।

**निर्णय नम्बर ६:**

संघीय सरकारबाट निकटतम भविष्यमा स्थानीय तहको संरचना र वर्गीकरण पुनरावलोकन गर्दा नमोबुद्ध नगरपालिका सहित जोडिएको पालिकाहरु गाभिएको खण्ड समेत नमोबुद्ध नगरपालिकाको हाल केन्द्र रहेको स्थान भकुण्डेबेशीलाई नै केन्द्र कायम गर्ने सम्बन्धित निकायमा अनुरोध गर्ने।

**निर्णय नम्बर ७:**

योग र ध्यानको प्राकृतिक विधिबाट नागरिकलाई शाररिक, मानसिक र आध्यात्मिक रुपमा स्वस्थ एवं सबल बनाई नागरिकमा सकारात्मक सोच र व्यक्तित्व विकास गर्ने उदेश्यका साथ नमोबुद्ध नगरपालिका

निर्णय प्रमाणित

वडा नम्बर ०७ स्थित खनालथोक सामुदायिक सिकाई केन्द्रको भवनमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने र सोको सम्पूर्ण व्यवस्थापन दाप्चा आयुर्वेद औषधालयले गर्ने।

**<u>निर्णय नम्बर ८:</u>**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, गुनासो व्यवस्थापन केन्द्र, सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ४३, मिति २०८२/०६/१२ गतेको सेवाग्राही सहजीकरण कक्ष तथा गुनासो सुनुवाई सम्बन्धी पत्रानुसार नमोबुद्ध नगरपालिकाको गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम तपसिलको गुनसो सुनुवाई तथा व्यवस्थापन संयन्त्र गठन गर्ने र सोको लागि आवश्यक पर्ने सेवाग्राही सहजीकरण कक्ष एवं सेवाग्राहीको गुनासो सम्बोधन गर्न हट लाइन नम्बरको व्यवस्था गर्ने।

**<u>गुनसो सुनुवाई तथा व्यवस्थापन संयन्त्र</u>**

१. संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति संयोजक/वडा अध्यक्ष श्री रामकृष्ण उपाध्याय : संयोजक
२. कार्यपालिका सदस्य श्री शुसिला परियार : सदस्य
३. प्रशासन शाखा प्रमुख वा प्रतिनिधि : सदस्य सचिव

**<u>निर्णय नम्बर ९:</u>**

मिति २०८३/०१/२१ गते बसेको आर्थिक विकास समितिको कृषि यन्त्र उपकरण मर्मत सम्बन्धी तालिमका आवेदक छनौट, किसान सूचीकरण कार्यक्रम संचालनका लागि गणक छनौट, आर्थिक वर्ष २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको आवेदक छनौट र किसान सूचीकरण कार्यक्रमका लागि सम्पर्क व्यक्ति तोक्ने सम्बन्धी भएको निर्णयहरु अनुमोदन गर्ने।

**<u>निर्णय नम्बर १०:</u>**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंले मिति २०८३/०१/१० गते भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना प्रकाशन गरेको सन्दर्भमा यस नगरपालिकाबाट सेवा प्रवाहका लागि इच्छुक रहेको पत्र सम्प्रेषण गरिएको र सो कार्यका लागि वडा नम्बर ०७ को वडा अध्यक्ष श्री धर्म सिं लामाको संयोजकत्वमा वडा नम्बर ०२ को वडा अध्यक्ष श्री कवि राज श्रेष्ठ एवं वडा नम्बर ०४ को वडा अध्यक्ष श्री अर्जुन बहादुर कार्की सदस्य र सर्वेक्षक श्री दुर्गा प्रसाद अधिकारी सदस्य-सचिव रहने गरी नगर प्रमुख स्तरीय अध्ययन समिति गठन भएको हुँदा समितिबाट प्राप्त प्रतिवेदन अनुमोदन गर्दै सोही अनुसार सेवा प्रवाहका लागि आवश्यक जनशक्ति, कार्यालय तथा पूर्वाधारको व्यवस्थापन नगरपालिकाले गर्ने।

निर्णय प्रमाणित

निर्णय नम्बर ११:

यस नमोबुद्ध नगरपालिकाको एक मात्र वडामा कार्यक्षेत्र बनाई संचालनमा रहेका तपसिल बमोजिमका सहकारी संस्थाहरुले साधारण सभाबाट संस्थाको कार्यक्षेत्र विस्तार र विनियम संशोधन गरी आवश्यक कागजात पेश गरेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११. को उपदफा (२) को देहाय ख., सहकारी ऐन, २०७४ को दफा १८ र नमोबुद्ध नगरपालिकाको सहकारीको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ९. बमोजिम कार्यक्षेत्र बिस्तार गर्न अनुमति दिने।

तपसिलः

| क्र.स | सस्थाको नाम | हालको कार्यक्षेत्र | थप कार्यक्षेत्र | साधारण सभा बाट पारित मिती |
|---|---|---|---|---|
| १. | श्री भूमी डाँडा बचत तथा ऋण सहकारी.लि | नमोबुद्ध नगरपालिका, वडा नम्बर ०९ | नमोबुद्ध न.पा सबै वडा | २०७८/०८/२४ |
| २. | श्री हातेमालो बहुउद्देश्यीय सहकारी सस्था.लि | नमोबुद्ध नगरपालिका, वडा नम्बर ०८ | नमोबुद्ध न.पा सबै वडा | २०८२/०९/२७ |
| ३. | श्री जगबैजेश्वर कृषी सहकारी सस्था लि. | नमोबुद्ध नगरपालिका, वडा नम्बर ०७ | नमोबुद्ध न.पा सबै वडा | २०८२/०९/२६ |

निर्णय नम्बर १२:

मिति २०८१/०६/१० गते देखि मिति २०८१/०६/१३ गतेको अविरल तथा भिषण वर्षातका कारणबाट आएको बाढी तथा पहिरो प्रकोपबाट प्रभावित घरपरिवारले स्थायी आवास निर्माणका लागि विपद् प्रभावित निजी आवास प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खटाइएको प्राविधिकहरुले सर्वेक्षण नगरेको वडाहरु ( वडा नम्बर ०४, ०५, ०६ र ०७ र अन्य छुट) लाभग्राहीहरुको विस्तृत क्षति आँकलनको यथार्थ विवरण Bipad Assessment Tool (BAT) मार्फत संकलनका लागि विभिन्न जिम्मेवारी सहित खटाईएका कर्मचारीलाई तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

तपसिलः

| क्र.म. | विवरण | संचार खर्च वापत (मासिक) | दैनिक खाजा/खाना खर्च (बिहान/बेलुका) | कैफियत |
|---|---|---|---|---|
| १. | विस्तृत क्षति आँकलनको यथार्थ विवरण Bipad | रकम रु. ५०० (अक्षेरुपी पाँच सय) | रकम रु. ५०० (अक्षेरुपी पाँच सय) | |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | Assessment Tool (BAT) मार्फत विवरण संकलन कार्यमा विभिन्न जिम्मेवारी सहित खटाईएका कर्मचारीहरुलाई सेवा सुविधा | | | |

**निर्णय नम्बर १३:**

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत वार्षिक नगर विकास योजना उल्लेख बागमती प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत २६ किलो कुलाइनथान सडक स्तरोन्नति शिर्षकमा विनियोजन भएको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०८२/०६/१२ गते प्रकाशित विद्युतीय बोलपत्र (e-bid) सूचनामा नियमानुसार छनोट भएको श्री Sanden/ABS J.V, बीच मिति २०८२/०८/२३ गते भएको सम्झौता (कार्यदेश मिति २०८२/०८/२३) अनुसार NMUN/NCB/WORKS/02/082/083 Construction of 26 Kilo hudai Kulainthan Sadak निर्माणको कार्य मिति २०८३ साल बैशाख मसान्त सम्म सम्पन्न गर्नु पर्ने रहेकोमा निर्माण कम्पनिबाट निर्माण कार्य गर्दै गर्दा हाल मध्यपुर्वमा उत्पन्न तनाबका कारण भएको विश्वव्यापी पेट्रोलियम पदार्थ र विटुमिनको आपुर्तिका साथी हाल भएको मूल्यवृद्धि, प्रतिनिधि सभाको निर्वाचन, खानीजन्य वस्तुको अभाव लगायतका प्राविधिक कारणले कार्य सम्पन्न गर्न ढिला भएको कारण देखाई मिति २०८३/०१/०९ गते म्याद थप गरी पाउँ भनि निवेदन पेश गरेको हुँदा सम्झौता बमोजिमको बाँकी कार्य सम्पन्न गर्ने गरी सार्वजनिक खरिद ऐनको दफा ५६. (२) उपदफा (१) बमोजिम मिति २०८३/०३/१० गते सम्म म्याद थप गर्ने।

**निर्णय नम्बर १४:**

नमोबुद्ध नगरपालिकाकालाई बालमैत्री नगर घोषणा गर्ने सन्दर्भमा सर्वप्रथम बालमैत्री वडा घोषणा गर्ने ०१ नम्बर वडालाई प्रोत्साहन स्वरूप रकम रु. १ लाख थप बजेट विनियोजन गर्ने नीति अनुसार वडा नम्बर ०१ मा नै निर्माणाधीन धोवीधारा बुद्ध पार्क निर्माणका लागि उल्लेखित पुरस्कार रकम उपलब्ध गराउने।

**निर्णय नम्बर १५:**

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, समाजिक विकास कार्यालयको प.सं. २०८२/०८३, च.नं. ७३२, मिति २०८३/०१/३० गतेको जग्गा सुनिश्चितता सम्बन्धी प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०३ अन्तर्गत भैरवकुण्ड महिला भवन निर्माण रिट्ठेचौर, नमोबुद्ध-३ गर्ने गरी रु. १०,५०,००० (अक्षरुपी दश लाख पचास हजार) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका

निर्णय प्रमाणित

लागि वडा नम्बर ०३ स्थित रिट्ठेचौरमा रहेको सार्वजनिक जग्गामा वडा कार्यालयको प.सं. २०८२/०८३, च.नं. ११६१, मिति २०८२/०१/२९ गतेको सिफारिस बमोजिम तोकिएको स्थानमा ०३ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।